# प्रेस विज्ञप्ति

## नेपाल बैंक लिमिटेडको नयाँ शाखा सुर्खेतमा

नेपाल बैंक लिमिटेडले सुर्खेतको वीरेन्द्रनगर न.पा. वडा नं. ४, एरिचोकमा नयाँ शाखा स्थापना गरेको छ। मिति २०८० जेष्ठ ०२ गते मंगलबार कर्णाली प्रदेशका मुख्यमन्त्री माननीय श्री राज कुमार शर्माज्यू तथा नेपाल बैंक लिमिटेडका नायव प्रमुख कार्यकारी अधिकृत श्री समता पन्तज्यूले संयुक्त रुपमा रिवन काटी तथा ताम्रपत्र अनावरण गरि शाखा समुद्घाटन गर्नुभएको हो।

उक्त समाहरोह नेपाल बैंक लिमिटेड, सुर्खेत शाखाका शाखा प्रवन्धक श्री बालराज बुढाज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो। कर्णाली प्रदेशका मुख्यमन्त्री माननीय श्री राज कुमार शर्माज्यू प्रमुख अतिथि रहनुभएको उक्त कार्यक्रममा कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री वेदराज सिंहज्यू, कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री खड्क बहादुर पोखरेलज्यू विशिष्ठ अतिथिको रुपमा रहनुभएको थियो। कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री भिमप्रकाश शर्माज्यू ,कर्णाली प्रदेश सरकारका भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्री माननीय श्री मंगल शाहीज्यू, कर्णाली प्रदेश सरकारका जलश्रोत तथा उर्जा विकास मन्त्री माननीय श्री उर्मिला विश्वकर्माज्यू, जिल्ला प्रशासन कार्यालय सुर्खेतका प्रमुख जिल्ला अधिकारी श्रीमान नारायण प्रसाद सापकोटाज्यू, नेपाल बैंक लिमिटेडका नायव प्रमुख कार्यकारी अधिकृत श्री समता पन्तज्यूले समेत उक्त कार्यक्रममा विशेष आतिथ्यता ग्रहण गर्नुभएको थियो।

नेपाल राष्ट्र बैंक सुर्खेत कार्यालयका कार्यालय प्रमुख, नेपाल वीमा प्राधिकरण कर्णाली प्रादेशिक कार्यालयका प्रमुख, मध्यपश्चिम पृतनालय वीरेन्द्रनगर सुर्खेतका पृतनापति, सशस्त्र प्रहरी वल महेश्वरी वाहिनी मुख्यालय सुर्खेतका सशस्त्र प्रहरी नायव महानिरीक्षक, कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रहरी नायव महानिरीक्षक, जिल्ला प्रहरी कार्यालय सुर्खेतका कार्यालय प्रमुख प्रहरी उपरिक्षक, उद्योग बाणिज्य संघ सुर्खेतका अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स सुर्खेतका अध्यक्ष, पत्रकार महासंघ सुर्खेतका अध्यक्ष, वीरेन्द्रनगर नगरपालिका वडा नं. ४ का वडा अध्यक्ष, वीरेन्द्रनगर नगरपालिका वडा नं. ६ का वडा अध्यक्ष, विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रादेशिक कार्यालयका प्रमुखहरुले अतिथ्यता ग्रहण गर्नुभएको थियो। साथै विभिन्न सरकारी तथा गैर सरकारी सँघ संस्थाका प्रतिनिधिहरु, पत्रकार, समाज सेवी, जनप्रतिनिधि, ब्यापारी, ग्राहक तथा सर्वसाधरण नागरिकहरुको समेत उक्त कार्यक्रममा उल्लेख्य उपस्थिति रहेको थियो।

कार्यक्रमका प्रमुख अतिथि कर्णाली प्रदेशका मुख्यमन्त्री माननीय श्री राज कुमार शर्माज्यूले शहरमा मात्र केन्द्रित नभई स्थानीय तहमा गएर शाखा खोल्न सुझाव दिनुभयो र यस शाखाले नाफा मुखी मात्र नभएर सहज ,सुलभ, विश्वनिय र गुणस्तरीय सेवा प्रवाह गर्न तथा आगामी दिनमा सुर्खेत शाखालाई देशकै उत्कृष्ट शाखाको रुपमा देख्न चाहेको धारणा व्यक्त गर्नुभयो। साथै विशिष्ठ अतिथि कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री वेदराज सिंहज्यूले बैंकहरुलाई दुर्गम लक्षित सेवा बढाउन आग्रह गर्दै शुभकामना व्यक्त गर्नुभयो। उक्त कार्यक्रममा प्रमुख अथिति, विशिष्ठ अतिथि, विशेष अतिथि र अतिथिहरुले शुभकामना मन्तव्य दिनुभएको थियो।

कार्यक्रममा पहिलो निक्षेपकर्ता श्री मोतीसीहं भण्डारी र पहिलो Business Partner न्यू बराल किराना पसल (प्रो. खगीसरा रानामगर) लाई सम्मान गरिनुका साथै प्रमुख अतिथि, विशिष्ट अतिथि, विशेष अतिथि र अन्य अतिथिहरुलाई नेपाल बैंक लिमिटेडका नायव प्रमुख कार्यकारी अधिकृत श्री समता पन्तज्यूले मायाको चिनो वितरण गर्नु भयो।

उक्त कार्यक्रममा नेपाल बैंक लिमिटेड, कर्णाली तथा सुदुरपश्चिम प्रादेशिक कार्यालयका प्रमुख श्री विश्वराज भण्डारीले स्वागत मन्तब्य दिनुभएको थियो भने कर्णाली समयका पत्रकार श्री राकेश पौडेलले कार्यक्रम संचालन गर्नुभएको थियो।

मिति : २०८० जेष्ठ ०२ गते मंगलबार

भवदीय,

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय

(प्रकाश कुमार अधिकारी)
प्रमुख सूचना अधिकारी